# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः ....................
च.नं.: ..............................

मिति : २०८०/११/१७

## Seminar Report सम्बन्धी सूचना

यस क्याम्पसको मिति २०८०/०९/२३ गते प्रकाशित सूचना अनुसार यस क्याम्पसमा सञ्चालित तीन वर्षे एलएल.बी. तहको तेस्रो वर्षमा अनिवार्य विषयको रुपमा पठन-पाठन हुने सेमिनार (Law 505) विषयको प्रस्ताव बुझाएका एलएल.बी. तह २०७५/०७६ समूहका विद्यार्थीहरुको सुपरीवेक्षक तोकिएको व्यहोरा जानकारी गराउँदै तपसिल बमोजिम हुने गरी Seminar Report बुझाउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. प्रस्ताव पत्र (Proposal) बुझाएका विद्यार्थीहरुको सुपरीवेक्षक तोकि सकिएको हुँदा सम्बन्धित विद्यार्थीले यो सूचना प्रकाशित भएको मितिले एकहप्ताभित्र आफ्नो प्रस्ताव पत्र (Proposal) परीक्षा शाखाबाट लिई सम्बन्धित सुपरीक्षकसँग सम्पर्क गर्नु पर्नेछ ।

२. सम्बन्धित सुपरीवेक्षकलाई कम्तिमा पन्ध्रदिनमा एक पटक भेटि आवश्यक निर्देशन लिने क्याम्पसले उपलब्ध गराएको फाराममा सुपरीवेक्षकको दस्तखत लिनु पर्नेछ र सुपरीवेक्षकले आश्यक निर्देशन दिएको भएमा उक्त निर्देशन पालना गरी अर्को पटक सुपरीवेक्षकलाई भेट्नु पर्नेछ । सो बमोजिम नगरेका विद्यार्थीहरु सेमिनारको प्रस्तुतीकरण र सो को प्रतिरक्षालागि लिइने Viva-voce मा संलग्न गराइने छैन ।

३. सुपरीवेक्षकले विद्यार्थीको लगनसिलता, सिर्जनशीलता, बौद्धिक क्षमता र मौलिकताका साथै सुपरीवेक्षकको निर्देशनको पालना र परामर्शका आधारमा मूल्याङ्कन गरी सिफारिस प्रदान गर्नेछ ।

४. प्रत्येक विद्यार्थीले तयार पारेको Seminar Report क्याम्पसले तोकेको मितिमा अनिवार्य रुपमा प्रस्तुतीकरण गर्नुपर्नेछ र प्रस्तुतीकरणमा सुपरीवेक्षक तथा सहपाठीहरुबाट प्राप्त उपयुक्त सुझाव समेतका आधारमा अन्तिम Seminar Report तयार गर्नु पर्नेछ । प्रस्तुतीकरणमा उपस्थित हुन नसक्ने विद्यार्थीहरुलाई अर्को व्यवस्था गरिने छैन । साथै कक्षा प्रस्तुतीकरणलागि अर्को सूचना प्रकाशन गरिनेछ ।

५. Seminar Report सम्बन्धी अन्य नियम तथा निर्देशनहरु मिति २०८०/०९/२३ गते यस क्याम्पसबाट प्रकाशित सूचना तथा त्रि.वि. कानून संकायद्वारा प्राप्त निर्देशन र त्रि.वि. कानून संकायको तीन वर्षे कानूनमा स्नातक ( एलएल.बी.) तहको नयाँ पाठ्यक्रममा तोकिए अनुसार हुनेछ ।

***पुनश्च : सेमिनार प्रस्ताव पत्र (Proposal) बुझाउन बाँकी भएका विद्यार्थीहरुले मिति २०८०/११/२९ गतेत्रि अनिवार्य रुपमा प्रस्ताव पत्र (Proposal) बुझाउन पर्नेछ । सो अवधिभित्र प्रस्ताव पत्र (Proposal) नबुझाउनेहरुको हकमा अर्को व्यवस्था गरिने छैन ।***

..............................
श्यामबहादुर कार्की
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख

फोनः ९७७-०१-५३६८५७८, ५३२५३५८ फ्याक्सः ९७७-०१-५३३२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np